# नेचासल्यान  गाउँपालिकाको आर्थिक ऐन, २०८०

मिति : –२०८०।०३।३०

## नेचासल्यान गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

**सोलुखुम्बु**

**कोशी प्रदेश नेपाल**

**नेचासल्यान गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन**

**प्रस्तावनाः** नेचासल्यान गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम नेचासल्यान गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** यस बिधेयकको नाम **"नेचासल्यान गाउपालिकाको आर्थिक ऐन, २०८०"** रहेको छ ।

   यो ऐन **२०८०** साल श्रावण १ गते देखि नेचासल्यान गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि १ बमोजिम सम्पत्ति कर,घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर, मालपोतः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि २ बमोजिम भूमि कर मालपोत लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल,ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि ३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार,व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि ४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी , वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि ५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि ६ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ (प्रदेश कानुन स्वीकृत भई सो कानुनले व्यवस्था भएकाले सोही बमोजिम हुनेछ) ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि ७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि ८ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि९ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि १० बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि ११ बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनशुल्कः**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तरप्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**१७. करको असुली तथा दण्ड जरिवना :** यस गाउंपालिकाले निर्धारण गरेको कर तथा गैर कर आर्थिक वर्ष भित्रै वुझाईसक्नु पर्नेछ । उक्त समय भित्र कर नवुझाइ पहिलो आर्थिक वर्ष भित्र कर वुझाउन आएमा २५ प्रतिशत थप र त्यस पछि प्रत्येक आथिक वर्षको १५ प्रतिशतका दरले थप गरी जरिवाना लाग्नेछ ।

तर, कर उठाउन प्रोत्साहनको लागि कुनै निश्चित समयावधी तोकेर निश्चित प्रतिशत जरिवाना छुट दिन गाउं कार्यपालिकाले निर्णय गर्न वाधा पर्नेछैन ।

१८.यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

आर्थिक बर्ष २०८०/०८१ का निम्ति स्विकृत राजश्व तथा करका दरहरु

| सि. नं. | राजश्वका क्षेत्रहरु | चालु आ.व. को दर (रु) | प्रस्तावित दर (रु) | पुष्ट्याइँ | कैफियत |
|---|---|---|---|---|---|
| १ अनुसुचि १: एकीकृत सम्पत्ति कर | **सम्पत्ति कर**<br>मूल्यांकन रकमलाई रु लाख मा परिणत गरी करको दर निर्धारण हुनेछ। | ० | | | सम्पत्ति करको मूल्यांकन करदाताले स्व घोषणा गरेको आधारमा गरिने छ र कर पनि सोही आधारमा उठाइने छ। |
| | १. सात लाख रुपैयाँ सम्मको मूल्यांकनमा | | एकमुष्ठ रु २०० | | |
| | २. सात लाख भन्दा बढी बीसलाख रुपैयाँ सम्मको | | रु २५० (रु पचास) | | |
| | ३. बीसलाख रुपैयाँभन्दा बढी पचासलाख सम्मको | | रु ५०० (रु एकसय) | | |
| | ४. पचास लाख भन्दा बढी | | रु ७०० | | |
| अनुसुचि २ | **भुमि कर (मालपोत)** | | | चालु आ.व. को दर नै व्यवहारिक देखिएको। | **प्रति रोपनि** |
| | किसिम | | | | |
| | अब्बल/ दोयम | | १० | | |
| | सिम/चाहर | | ५ | | |
| अनुसुचि ३ | **घर जग्गा बहाल कर** | | १०% | | सम्झौता अनुसार |
| अनुसुचि ४ | **ब्यवसाय कर (रु)** | | | | |
| | १.होटल रेष्टुरेन्ट लज सहित | | २००० | | |
| | २. होटल रेष्टुरेन्ट | | १००० | | |
| | ३. मासु पसल | | १००० | | |
| | ४. सुनचाँदी गरगहना पसल | | २००० | | |
| | ५. फेन्सी पसल /कपडा पसल | | १००० | | |
| | ६. विविध श्रृंगार पसल ( थोक/खुद्रा) | | १००० | | |
| | ७. निर्माण सामाग्री (हार्डवेर) | | २००० | | |
| | ८. खाद्यान्न, किराना, डिलर (खुद्रा) | | १००० | | |
| | ९. भाँडा र गिफ्ट पसल | | १५०० | | |
| | १०. स्टेसनरी | | १००० | | |
| | ११. फोटो स्टुडियो | | १००० | | |
| | १२. अन्य संचार सेवा प्रदायक | | ५००० | | |
| | १३. इलेक्ट्रोनिक्स पसल तथा मर्मत | | १००० | | |
| | १४. सवारी मोटर पार्ट्स/वर्कसप | | १००० | | |
| | १५. ग्रिल उद्योग | | १००० | | |
| | १६. कवाडी सामानको थोक विक्रेता | | १००० | | |
| | १७. टेण्ट हाउस/ साउण्ड सिस्टम | | १००० | | |
| | १८. वित्तिय संस्था (निजी) | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | क वर्ग<br>ख वर्ग<br>ग वर्ग<br>घ वर्ग | | क) ५००० ख) ३००० ग) १००० घ) १००० | | |
| | १९. सहकारी संस्था | | १००० | | |
| | २०. औषधि पसल /ल्याब | | १००० | | |
| | २१. पशु औषधि पसल/ल्याब | | १००० | | |
| | २२. इलेक्ट्रोनिक्स पसल | | १००० | | |
| | २३. फर्निचर (काष्ठ, मेटल) उद्योग | | १५०० | | |
| | २४. निजी अस्पताल | | १००० | | |
| | २५. **मिल Hp** का अधारमा | | | | |
| | १.घरायसि | | **२५०** | | |
| | २. व्यवसायिक | | **१०००** | | |
| | २६. कपडा सिलाई | | ५०० | | |
| | २७. हेयर कटिङ | | ५०० | | |
| | २८. ल फर्म | | १००० | | |
| | २९. वोर्डिङ्ग स्कूल | | ३००० | | |
| | ३०. निर्माण व्यवसायी | | ३००० | | |
| | ३१. आयल पम्प वा कारोबार गर्ने | | ५००० | | |
| | ३२. तरकारी पसल | | ५०० | | |
| | ३३. चस्मा पसल | | ५०० | | |
| | ३४. नर्सरी र फलफुलका विरुवा विकी वितरण | | ५०० | | |
| | ३५. रंग रोगन पसल (थोक) | | १००० | | |
| | ३६. कम्प्युटर इन्सिच्युट | | १००० | | |
| | ३७. अडिट फर्म | | २००० | | |
| | ३८. **उद्योग /व्यवशाय/**समुह **बार्षिक नविकरण** | | **१०००** | | |
| | **उद्योग /व्यवशाय /समुह दर्ता**<br>क) ५ लाख सम्म पुँजी भएको<br>ख) २० लाख सम्म पुँजी भएको<br>ग) २० लाख भन्दा बढी पुँजी भएको | | क) **१५००**<br>ख) **२०००**<br>ग) **२५००** | | |
| | ३९. स्नुकर पुल हाउस | | १००० | | |
| | ४०. रेमिटेन्स सेवा | | १५०० | | |
| | ४१. कटिङ ढुंगा उद्योग | | १५०० | | |
| | ४२.क्रसर उद्योग | | ५००० | | |
| | ४३. व्लक उद्योग | | १५०० | | |
| | ४४. कुखुरा फर्म उद्योग | | ५०० | | |
| | ४५. कृषिजन्य वस्तुको गोदाम तथा<br>(नियमानुसार कर नलाग्ने वाहेक) | | ५०० | | |
| | ४६. अन्य व्यवशाय दर्ता | | १००० | | |
| अनुसूची | **जडिबुटी कवाडी र जीवजन्तु (प्रतिवन्धित बाहेक) कर प्रति केजी** | | | | |
| | १. अलैंची | | ५ | | |
| | २. चिराइतो | | २ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३. अदुवा | | १ | | |
| | ४. सतुवा | | १०० | | |
| | ५. टिम्बुर | | २ | | |
| | ६. विष | | ५ | | |
| | ७. पाँचऔंले | | ५ | | |
| | ८. पाखन वेद | | ५ | | |
| | ९. ठुलो ओखती | | ५ | | |
| | १०. अल्लो | | ५ | | |
| | ११. लौंठ सल्ला | | ५ | | |
| | १२. लोक्ता | | ५ | | |
| | १३. कवाडी सामान प्रति के.जि. | | ०.५० | | |
| | १४. **जिवजन्तु निकाशी(भैंसी/गोरु/बाख्रा,बंगुर,भेडा,पाठा)** | | २००/ १००/५० | | |
| | १५. प्रेष्किप्सन रसिद रु<br>१. गाई भौसि २ वटा सम्मको लागि/ | | १० | | सो भन्दा माथि प्रति जनावरकु/ खुरा थप रु ५ |
| | २. भेडाबंगुर ५ वटा सम्मको लागि/बाख्रा/ | | १० | | |
| | ३. कुखुराहाँस २० वटा सम्मको लागि/ | | १० | | |
| | १६. प्रचलित कानुनले निषेध नगरेको मृत जिवजन्तुको हाड, सिङ, प्वाख, छाला जस्ता वस्तु प्रति गोटा | | रु २०० | | |
| | १७. बन्ध्याकरण प्रतिगोटा रु | | | | |
| | १ बोकाथुमा/ | | १० | | |
| | २ बहर | | ५० | | |
| | ३ वीर | | २० | | |
| | बाँस प्रतिगोटा | | रु ५ | | |
| अनुसूचि | बार्षिक सवारी साधन कर (रू) | | प्रदेशले सरकारले तोके बमोजिम | | |
| अनुसूचि ७ | **विज्ञापन कर रु** | | | | |
| | १. होडिङ्ग वोर्ड प्रति वर्ग फिट | | २० | | |
| | २. फ्ल्यास वोर्ड प्रति वर्ग फीट | | १० | | |
| | ३. भित्ते लेखन प्रति वर्ग फिट | | ५ | | |
| अनुसूचि | **मनोरञ्जन कर** | | प्रदेश कानुन बमोजिम | | |
| अनुसूचि | **बहाल बिटौरी कर** | | | | |
| | १. सार्वजनिक स्थानमा टहरा निर्माण गरी व्यवशासय गर्ने वार्षिक | | ३००० | | |
| | २. साप्ताहिक रुपमा मात्र पसल थाप्ने प्रति पटक | | ५० | | |
| अनुसूचि १०. | **पार्किङ शुल्क** | | | | |
| | १. वस, ट्रक, हेवि गाडी | | ५० | | |
| | २. जीप कार अन्य साना गाडी | | २० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| अनुसूची ११ | **ट्रेकिङ, कायानिङ, क्यानोनिङ, ऱ्याफ्टिङ, प्याराग्लाइडिङ, जिप फ्लायर, बञ्जी जम्पिङ** | | ० | | |
| अनुसूची १२ | **सेवा शुल्क तथा दस्तुर** | | | | **असाहाय तथा अति विपन्न लाई शुल्क नलाग्ने** |
| | **सेवा शुल्क** | | | | |
| | १. अचल सम्पत्ति मुल्याङ्कन सेवा शुल्क (प्रति लाख) रु | | | | |
| | क. ५ लाख सम्म | १००० | | | |
| | ख. ५ – २५ लाख सम्म | ५००० | | | |
| | ग. २५ ५० लाख सम्म - | १०००० | | | |
| | घ. ५० लाख भन्दा बढि | १५००० | | | |
| | २. आयश्रोत मुल्याङ्कन सेवा शुल्क (प्रति लाख) | | १०० | | |
| | ३. गा.पा को हल भाडा सेवा सुल्क | | १००० | | |
| | ४. गा.पा जेसिबी भाडा प्रति घण्टा | | ३००० | | |
| | ५. घ वर्गको ठेक्का इजाजत पत्र जारी | | १०,००० | | |
| | ६. घ वर्गको ठेक्का इजाजत नविकरण | | ७००० | | |
| | ७. फोरमैला व्यवस्थापन सेवा शुल्क( प्रतिघर) | | रु ५०/ महिना | | |
| | ८. अन्तराष्ट्रिय गै.स.स. जुनसुकै सिफारिश | | ५००० | | |
| | **सिफारिश तथा प्रमाणीत** | | | | |
| | १. अपुताली सिफारीस दस्तुर | | १००० | | |
| | २. पक्की घर प्रमाणित | | ३०० | | |
| | ३. कच्ची घर प्रमाणित | | १०० | | |
| | ४. वसोवास प्रमाणित | | १५० | | |
| | ५. उद्योग ठाँउसारी गर्ने सिफारीस | | ५०० | | |
| | ६. व्यावसायिक घर कोठा खोल्ने | | २०० | | |
| | ७. आवासिय घर कोठा खोल्ने | | १५० | | |
| | ८. हकभोग तथा जोतभोग र छुट दर्ता सिफारीस | | १०० | | |
| | ९. साना घरेलु उद्योगमा आगलागी सिफारीस | | ३०० | | |
| | १०. मझौला उद्योगमा आगलागी सिफारीस | | १००० | | |
| | ११. ठुला उद्योगमा आगलागी सिफारीस | | २००० | | |
| | १२. सर्वसाधारणको घर टहरा आगलागी सफारीस | | निशुल्क | | |
| | १३. नक्सापास किताब दस्तुर | | ५०० | | |
| | १४. संघसंस्थाको वैंक खाता खोल्दा सिफारीस | | ३०० | | |
| | १५. घरपाताल प्रमाणित | | २०० | | |
| | १६. व्यवसाय प्रमाणपत्र दस्तुर | | १५० | | |
| | १७. घर कायम सिफारीस वा निर्माणाधिन रहेको सिफारीस | | १०० | | |
| | १८. वैदेशिक रोजगारीमा मृत्यु हुनेको सिफारीस | | निशुल्क | | |
| | १९. नम्वरी जग्गाको रुख काट्ने सिफारीस, व्ययवशायिक प्रयोजन ( प्रति रुख) | | २०० | | |
| | २०. सहुलियत काठको सिफारीस | | १००० | | |
| | २१. विद्युत जडान सिफारीस | | १०० | | |
| | २२. विद्युत थ्रिफेज जडान सिफारीस | | ५०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | २३. बिद्युत टान्सफरर्मर जडान सिफारीस | | ४००० | | |
| | २५. खानेपानीको धारा जडान | | १०० | | |
| | २६. संस्था दर्ता/नविकरण | | अगाडि रहेको | | |
| | २७. संस्था नविकरण सिफारिश | | ३०० | | |
| | २८. सिनेमाहल दर्ता /सिफारीस | | १०००० | | |
| | २९. मेला सर्कस अनुमति सिफारिश | | २००० | | |
| | ३०. कर तिरेको रसिदको प्रतिलिपि | | ५० | | |
| | ३३. व्यापार व्यवसाय वन्द भएको वा हुदै नभएको सिफारीस | | २०० | | |
| | ३४. मुचुल्का सबै किसिमका | | ५०० | | |
| | ३५. पारिवारिक विवरण प्रमाणित | | ५०० | | |
| | **अमिन सेवा शुल्क** | | | | |
| | १. एउटै वडा भित्र १ कित्ताको | | रु १००० | | |
| | २. ५ देखि १३ रोपन | | रु १५०० | | |
| | ३. १३ रोपनी भन्दा बढी | | रु २०० | | |
| | **उद्योग खोल्ने सिफारिश** | | १५०० | | |
| | **संस्थागत शिक्षण संस्था दर्ता (गा.पा.ले गर्ने ) सिफारिश (रु)** | | | | |
| | १. क्याम्पस | | २०००० | | |
| | २. प्राविधिक शिक्षण संस्था | | १०००० | | |
| | ३. स्तर वृद्धि | | ५००० | | |
| | **घर नक्शा पास  आर सि सि भवन(रु/वर्गफुट)** | | | | |
| | १. १००० बर्गफिट सम्म | | रु.५ | | |
| | २. १००१ देखी २५०० ब.फिटसम्म | | रु.६ | | |
| | ३. २५०१ देखी ५००० ब.फिटसम्म | | रु.१० | | |
| | ४. ५००१ देखी माथिको | | रु. १२ | | |
| | ५. आवासिय भवन अभिलेखीकरण (जस्तापाताको छाना भएको लोडवियरिङ) | | रु २ प्रति बर्गफिट) | | |
| | **अन्य दैनिक सिफारिश (रु)** | | | | |
| | १. निवेदन दस्तुर | | १० | | |
| | २. नाता प्रमाणित जिवित संगको | | २५० | | |
| | ३. जन्ममिति प्रमाणित गर्ने | | १०० | | |
| | ४. विवाह प्रमाणित तथा अविवाहित प्रमाणित | | २०० | | |
| | ५. अंग्रेजि माध्यम सिफारीस तथा प्रमाणित | | २०० | | |
| | ६. वसाईसराई प्रमाणित | | १०० | | |
| | ७. मृत्यु प्रमाणित | | २०० | | |
| | ८. व्यक्तिगत विवरण प्रमाणित | | १०० | | |
| | ९. हकवाला वा हकदार प्रमाणित | | १०० | | |
| | १०. संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारीस गर्ने | | १०० | | |
| | ११. वैदेशिक अध्ययन तथा रोजगार सिफारिश | | १००० | | |
| | १२. आर्थिक अवस्था कमजोर तथा विपन्नता प्रमाणित वा सिफारिश | | ० | | |
| | १३. नागरीकता लिन को लागी सिफारीस | | २०० | | |
| | १४. वहालकर को लेखाजोखा प्रमाणित | | २०० | | |
| | १५. मोही लगत कट्टी को सिफारीस | | ५०० | | |
| | १६. चौकिल्ला प्रमाणीत | | २०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | १७. कागज मञ्जुरीनामा प्रमाणीत | | ५०० | | |
| | १८.न्यायीक समितिमा उजुरी दर्ता वा मिलापत्रको कागजात गराउने निवेदन दर्ता सिफारीस | | २०० | | |
| | १९. निशुल्क वा सशुल्क स्वस्थ्य उपचारको सिफारीस गर्ने | | ० | | |
| | २०. घरवाटो प्रमाणीत | | २०० | | |
| | २१. पुर्जामा घरकायम गर्ने सिफारीस | | १०० | | |
| | २२. नाम वा जन्ममिति संसोधन सिफारीस | | २०० | | |
| | २३. जग्गाधनि पुर्जा हराएको सिफारीस | | २०० | | |
| | २४. कित्ताकाट गर्ने सिफारीस | | २०० | | |
| | २५. नामसारी गर्ने सिफारीस | | १०० | | |
| | २६. जग्गाको दर्ता सिफारीस | | १०० | | |
| | २७. मृतक सँगको नाता प्रमाणित तथा सिफारीस | | **१००** | | |
| | २८. विपन्न विद्यार्थी छात्रबृत्ति सिफारिश | | ० | | |
| | २९. जिवित रहेको सिफारीस | | १०० | | |
| | ३०. अपाङ्ग सिफारिश | | ० | | |
| | ३१. अस्थायी तथा स्थायी बसोबास सिफारिश | | १०० | | |
| | ३२. आर्थिक अवस्था कमजोर सिफारिश | | ० | | |
| | ३३. आर्थिक अवस्था बलियो सिफारिश | | २०० | | |
| | ३४. दुवै नाम गरेको ब्यक्ति एउटै हो भन्ने सिफारिश | | २०० | | |
| | ३५. जन्म मिति प्रमाणीत | | १०० | | |
| | ३६. जग्गा मूल्यांकन सिफारिश तथा प्रमाणीत | | २०० | | |
| | ३७. अदालत कोट फि मिनाहा सिफारिश | | ० | | |
| | ३८. नाबालक परिचय पत्र सिफारिश | | १०० | | |
| | ३९. चौपाय सम्बन्धि सिफारिश | | १०० | | |
| | ४०. ब्यवशासय दर्ता सिफारिश | | २०० | | |
| | ४१. संस्थागत विद्यालय ठाउँसारी सिफारिश | | १००० | | |
| | ४२ उद्योग ठाउँसारी सिफारिश | | २०० | | |
| | ४३ विवरण खुलाई पठाउने कार्यका लागि सिफारिश | | २०० | | |
| | ४४. पेन्शन सिफारीस वैदेशिक मुलुक | | ५०० | | |
| | ४५. पेन्शन सिफारीस नेपाल को लागी | | २०० | | |
| | ४६. पालनपोषणको लागी सिफारीस | | २०० | | |
| | ४७. वैवाहिक अंगिकृत नागरीकता सिफारीस | | १०० | | |
| | ४८. साधारण सिफारीस | | २०० | | |
| | ४९. **योजना सम्झौता सिफारिस** | | २०० | | |
| | **५०. योजना फरफारक सिफारिस** | | **२००** | | |
| | | | | | |
| | ५०. दरपिठ सिफारिश प्रति पाना | | १०० | | |
| | ५१. नागरिकता प्रतिलिपी सिफारिश | | १०० | | |
| | ५२. प्लटिङ इजाजत सिफारिश प्रति रोपनी | | २००० | | |
| | ५३. छात्रबृत्ति सिफारिश | | १०० | | |
| | ५४. विद्यालय संचालन वा कक्षा स्तर बृद्धि सिफारिश | | १०० | | |
| | ५५. दलित आदिवासी जनजाती सिफारिश | | १०० | | |
| | ५६. प्रतिलिपि वा प्रतिलिपिको लागि सिफारिश | | ५० | | |
| | ५७. अन्य सिफारिश | | १०० | | |
| | **दण्ड जरीवाना** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | १. जुनसुकै कर तथा गैर कर १ वर्ष भित्र तिर्न आएमा कर तथा गैर करको | | २५ प्रतिशत | | |
| | २. त्यस पछिको प्रत्येक वर्ष थप | | १५ प्रतिशत | | |
| | ३. पशु चौपाया जथाभावि छाडेमा (प्रति गोटा) | | ५० | | |
| | ४. जथाभावि फोहोर फालेमा | | २०० | | |
| | ५. सडकमा जथाभावि सामाग्री थुपारेमा | | रु ५०० | | |
| | ६. ३५ दिन म्याद नाघी हुने व्यक्तिगत घटना दर्ता | | २५० | | |
| | **प्राकृतिक स्रोत उपयोग कर (ढुङ्गा, गिट्टि, बालुवा भ्याट बाहेक)** | | ४ प्रति वर्ग फुट | | |
| | १. ट्रयाक्टर प्रति ट्रिप | | रु ५०० | | |
| | २. टिप्पर ६ चक्के प्रति ट्रिप | | रु १००० | | |
| | ३. घर छाउने कटिङ ढुङ्गा प्रति ट्रिप (ट्रयाक्टर) | | रु २००० | | |
| | ४. बाँस/कुकाठ निकासी प्रति ट्रिप (ट्रयाक्टर),**चिरानि काठ** | | रु ५०० | | |
| | ५. जिल्ला **भित्र** निकाशी हुने : गोलिया काठ प्रति क्यूफि | | रु ५ | | |
| | ६. जिल्ला बाहिर निकाशी हुने : गोलिया काठ प्रति क्यूफि | | रु १० | | |
| | ७. तुइन्टार बिद्युत सेवा शुल्क | | | | |
| | ३ A /६ A/१६ A/३२ Aक्रमशः | | १५०/२००/५००/७५० | | |
| | ८. फोहोर संकलन (बजार क्षेत्र बिहिबारे, बुधबारे) प्रतिघर मासिक | | ५० | | |
| | ८.१ पसल/होटल समेत भएमा | | १०० | | |
| | **पूर्वाधार उपभोग शुल्क (सडक)** | | | | |
| | १. ट्रयाक्टर | | रु ७० | | |
| | २. ठूला सवारी साधन | | रु १०० | | |
| | २. हलुका सवारी दैनिक जीप | | रु ५० | | |
| | ३. व्याक हो लोडर दैनिक | | रु १००० | | |
| | ४. स्काभेटर दैनिक | | रु २००० | | |
| | ५ सुचिकरण शुल्क (बार्षिक)<br>क) जिप २०००<br>ख) बस ५०००<br>ग) ट्रयाक्टर ५०००<br>घ) व्याहोलोडर ७०००<br>ङ) हेभि ट्रक, टिपर ५०००<br>च) स्काभेटर १५००० | | | | |
| | **पर्यटन प्रवेश शुल्क** | | | | |
| | १. नेचासल्यान गा.पा. भित्र ट्रेकिङ तथा पर्यटन प्रवेश शुल्क | | | | |
| **अनुसूचि १३** | २. गाउँपालिकाले पर्यटन क्षेत्र भनि तोकेको क्षेत्रमा | | | | |
| | क) प्रतिव्यक्ति | | | | |
| | ख) मोटरसाइकल | | | | |
| | ग) जिप | | | | |
| | घ) बस | | | | |
| | | | | | |
| | | | | | |